# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, माघ ५ गते २०२७ साल [ संख्या ३९

### श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको चिट्ठा नियमावली २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

चिट्ठा ऐन २०२५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "चिट्ठा नियमावली २०२७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले चिट्ठा ऐन २०२५ सम्झनुपर्छ ।

३. चिट्ठा खोल्ने स्वीकृतिको निमित्त निवेदन दिनेः– (१) ऐनको दफा ३ को उपदफा (१) बमोजिम चिट्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले श्री ५ को सरकारको स्वीकृतिको निमित्त निवेदन दिंदा चिट्ठाको २ प्रति नमूना सामेल गरी स्थानीय अञ्चलाधीश मार्फत् गृह पञ्चायत मन्त्रालयमा अनुसूचीमा तोकिएको ढाँचाको निवेदन दिनुपर्छ ।



6059
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि अञ्चलाधीशले निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी आफ्नो मन्तव्यसहित उक्त निवेदन गृह पञ्चायत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अञ्चलाधीशको मन्तव्यसहितको निवेदन प्राप्त भएपछि गृह पञ्चायत मन्त्रालयले निवेदकलाई चिट्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सार्वजनिक प्रदर्शनीस्थल, क्लव वा सोसाइटीजस्तो ठाउँमा मात्र खोलिने चिट्ठाको हकमा अञ्चलाधीशले निवेदकलाई चिट्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

४. पुरस्कारमा हेरफेर गर्नुपरेमा सूचना गर्नेः– ऐनको दफा ४ बमोजिम चिट्ठाको पुरस्कारमा हेरफेर गर्नु परेमा चिट्ठाको बिक्री बन्द भएको ७ दिनभित्र बन्द भएको मितिसम्ममा बिक्री भएको र बिक्री हुन बाँकी चिट्ठाको लगत तथा चिट्ठा बिक्री भएको दामासाहीले पाउने पुरस्कारको परिमाणसमेत खोली चिट्ठा खोल्नु अगावै चिट्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले त्यसको सूचना स्थानीय अञ्चलाधीशसमक्ष दिनु पर्नेछ ।

५. चिट्ठाको विवरण पठाउनेः–चिट्ठा खोलिएपछि त्यसको भोलिपल्टै चिट्ठा खोल्ने व्यक्ति वा संस्थाले बिक्री भएको र बिक्री हुन नसकेको चिट्ठाको लगत, वितरण भएको पुरस्कार पाउने व्यक्तिहरूको नाम, पुरस्कार पाउने चिट्ठाहरूको क्रम संख्या, पुरस्कारमा हेरफेर गरिएको भए त्यसको व्यहोरा आदि सबै खोली सम्पूर्ण विवरण स्थानीय अञ्चलाधीशलाई दिनु पर्नेछ ।

६. अधिकृत खटाउनेः– चिट्ठा खोल्ने व्यवस्था मिलाउन अञ्चलाधीशले चिट्ठा खोल्ने समयमा एकजना अधिकृत र निजलाई मद्दत गर्न आवश्यक कर्मचारीहरू खटाउनेछ ।

७. अञ्चलाधीशको स्वीकृति लिनुपर्नेः– चिट्ठाको प्रतिमा तोकिएको मिति वा स्थानमा कुनै परिवर्तन गर्नु परेमा स्थानीय अञ्चलाधीशको स्वीकृति लिई त्यस्तो परिवर्तन गर्न सकिनेछ ।

८. चिट्ठाको नतीजा प्रकाशित गर्नेः– चिट्ठा खोलिएपछि पुरस्कार पाउने व्यक्तिहरूको चिट्ठाको नम्बर र नाम भए नामसमेत यथाशीघ्र पत्रपत्रिकामा प्रकाशित गर्नुपर्छ ।

९. लेखापरीक्षणः– नियम ३ को उपनियम (४) बमोजिम स्वीकृति प्राप्त गरेको चिट्ठाबाहेक अरू सबै चिट्ठाहरूको आय–व्ययको लेखापरीक्षण स्थानीय अञ्चलाधीश कार्यालयबाट गराउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(नियम ३ को उपनियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार
गृह पञ्चायत मन्त्रालय
मार्फत् .......... अञ्चलाधीश कार्यालय ।

महोदय,

म । हामी ............... ले देहायबमोजिमको चिट्ठा खोल्न चाहेकोले स्वीकृतिको निमित्त निवेदन गरेको छु । छौं ।

१. चिट्ठा खोल्ने उद्देश्य ............

२. चिट्ठाको पूंजी ........

३. चिट्ठा बिक्रीबाट प्राप्त हुने कूल रकम ...... मध्ये ...... प्रतिशतले बाँडिने पुरस्कारको विवरण ...........

४. पुरस्कार बाँडी बाँकी रहने रकममध्ये

(क) चिट्ठा सम्बन्धी खर्च ..........

(ख) सहायता वा मुनाफा ........

निवेदकको नाम, थर ..........
.........................
ठेगाना ............
मिति ..............

आज्ञाले–
उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।